आज मिति २०७८ साल फागुन ८ गते आइतवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | अनुपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: विगत बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : विभिन्न कार्यविधि संशोधन एवं पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३ : व्यास नगरपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.४ : म्याराथन दौड प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.५ : उत्कृष्ट कर्मचारी, शिक्षक, लघु उद्यमी पुरस्कृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : फोहर महिला व्यवस्थापनमा टोल संस्थासँग अन्तरक्रिया गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७ : बर्ल्डफ्लुको प्रभाव रोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : जग्गा विकास आयोजनालाई अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.९ : सत्यवती मा.वि.को खाता सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१० : विभिन्न कार्यक्रम एवं योजनामा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ११ :कोभिड-१९ जोखिम भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.१२ लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सम्बन्धमा ।
प्रस्ताव नं.१३ : स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि, २०७७ सम्बन्धमा ।
प्रस्ताव नं. १४ : धार्मिक क्षेत्र व्यास पराशरमा सन्ध्याकालिन आरत सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १५ : निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।
प्रस्ताव नं. १६ : दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१७ : रकम निकासा माग सम्बन्धमा ।
प्रस्ताव नं. १८ : अनुमन खर्च सम्बन्धमा ।
प्रस्ताव नं. १९ : ठेक्का भेरिएसन अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. २० : IEE स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. २१ : व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शिविर सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. २२ : प्रवक्त श्री मोहन कुमार श्रेष्ठको राजिनामा सम्बन्धमा ।
प्रस्ताव नं. २३ : खानेपानी सम्बन्धी तथ्याङ्क विवरणका लागि नियुक्त ईन्जिनियरको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. २४ : कृषि व्यवसायका लागि रजिष्ट्रेशन दस्तुर छुट सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं. २५ : रङ्गशाला खेल मैदान सम्बन्धमा ।
प्रस्ताव नं. २६ : योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं. २७ : विद्यालयको नक्शा स्विकृत गर्ने बारे ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/१०/२० को कार्यपालिका बैठक र २०७८/१०/२१ गते भएको नगर सभाका निर्णयहरु कार्यान्वयन गर्ने विषयमा समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा ३६औं नगरसभाको निर्णयले निर्दिष्ट गरेको विविध पक्षलाई कार्यान्वयन गर्नका लागि निम्न लिखित कार्यविधिहरु संशोधन एवं पारित गर्ने निर्णय गरियो ।

(क) शैक्षिक वेरोजगार महिलालाई दिने अनुदान सम्बन्धी कार्यविधि, २०७८ (संशोधन)
(ख) वैदेशिक रोजगारबाट फिर्ता हुनेहरुलाई वितरण गरिने सम्बन्धी कार्यविधि, २०७८ (संशोधन)
(ग) कर्मचारी सेवा सुविधा मापदण्ड, २०७५ (संशोधन)
(घ) विभिन्न पेशा सेवामा रहेकाहरुलाई पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०७८ (पारित)
(ङ) व्यास नगरपालिका स्वास्थ्य विमा संयोजन समिती संचालन कार्यविधी २०७८ (पारित)

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३०औं स्थापना दिवस २०७८/१२/३० गते मनाउनका लागि निम्नानुसार विभिन्न समितिहरु गठन गरी तयारी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**(क) मूल समारोह समिति :**

(१) संयोजक – नगर प्रमुख
(२) सह-संयोजक– उपप्रमुख
(३) सदस्य-सचिव प्रमुख प्रशासकीय अधिकृत
(४) सदस्यहरु – सबै वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्यहरु, सबै शाखा उपशाखा प्रमुखहरु

**(ख) स्मारिका प्रकाशन समिति**

(१) संयोजक श्री काजीमान श्रेष्ठ – वडा अध्यक्ष, वडा नं. १४
(२) सदस्य श्री चन्द्रमाया परियार – कार्यपालिका सदस्य
(३) सदस्य श्री नविन पराजुली – शिक्षा अधिकृत
(४) सदस्य श्री विशाल पण्डित – सूचना प्रविधि अधिकृत
(५) सदस्य-सचिव श्री गोकर्णराज वाग्ले – सूचना शाखा प्रमुख

**(ग) सम्मान एवं पुरस्कार सिफारिस समिति**

(१) संयोजक श्री काशीराम श्रेष्ठ
(२) सदस्य श्री तुलसीराम सापकोटा
(३) सदस्य श्री मोहन कुमार श्रेष्ठ
(४) सदस्य श्री मधुमाया वि.क.
(५) सदस्य श्री कल्पना पोखरेल

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा हरेक बर्ष शहिद दिवस माघ १६ गते व्यास ५ मानुङकोटबाट व्यास ८ पुलिमराङसम्म गरिदै आएको यस बर्ष हुने पाँचौं खुला अल्ट्रा म्याराथन दौड कोभिड-१९ को महामारीका कारणले स्थगित भएकोमा हाल उक्त महामारीको असर कम भएकाले उक्त स्थगित म्याराथन २०७८ फाल्गुण २८ गते शनिवार सञ्चालन गर्न नगर प्रमुखको अध्यक्षतामा समारोह समिति गठन गर्ने, अन्तराष्ट्रिय नारी दिवसका दिन ८ मार्चमा व्यास ३ व्यास गुफाबाट व्यास ११ तनहुँसुरसम्म गरिने महिला हाफ म्याराथन प्रतियोगिता २०७८/११/२४ गते गर्न उपप्रमुखको अध्यक्षतामा गर्ने र व्यवस्थापनको जिम्मा नगर खेलकूद समितिलाई दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको स्थापना दिवसमा निम्न संख्यामा उत्कृष्ट कर्मचारी, शिक्षक, कृषि, उद्यमी र लघु उद्यमी, टोल संस्थालाई पुरस्कृत गर्ने निर्णय गरियो ।

**(क) कर्मचारी तर्फ**

(१) सर्वोत्कृष्ट– १ जना
(२) उत्कृष्ट – ४ जना
जम्मा – ५ जना

**(ख) कृषि तथा पशु व्यवसायी (संघ/संस्था समेत) तर्फ**

(१) प्रत्येक वडाबाट ३×३ जना व्यक्ति वा संघ/संस्थाको सिफारिस लिई उत्कृष्ट ३, सान्त्वना प्रत्येक वडाबाट १×१ जना समेत १७ जना सिफारिस गर्ने ।

(ग) उत्कृष्ट शिक्षक तर्फ ५ जना शिक्षा शाखाबाट सूचना लिने ।

(घ) लघु उद्यमी तर्फ प्रत्येक वडाबाट आएको १×१ जना सिफारिसका आधारमा उद्योग, पर्यटन शाखाको सिफारिस समेत लिई ३ व्यक्ति/संघ/संस्था सिफारिस गर्ने ।

(ङ) माथि निर्णय भै ३ (ग) मा भएको सिफारिस समितिबाट चैत्र पहिलो हप्तामा हुने बैठकमा पेश गर्ने । प्रकृयागत कार्यमा प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, कृषि तथा पशु, उद्योग तथा पर्यटन शाखा समेतबाट आवश्यक सहयोग लिने ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा सुन्य पोलिथिन अभियानलाई निरन्तरता दिदै अन्य फोहरमैला व्यवस्थापनमा प्रत्येक वडाको आयोजनामा टोल संस्थाहरु र सरोकारवालाको सहभागितामा चैत्र १५ गतेभित्र सम्पन्न गर्न गराउन वन, वातावरण तथा सरसफाई शाखालाई संयोजनको जिम्मा दिने र नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा अन्तरक्रिया गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नेपालमा विभिन्न स्थानमा बर्ल्डफ्लुको महामारी लेखा परेको हुँदा व्यास नगरपालिकाभित्र जथाभावी कुखुरा, अण्डा ओसार-पसार कार्यमा निगरानी बढाउन र कुनै समस्या आएमा तत्काल नगरपालिका कृषि, पशु तथा सहकारी विकास शाखामा सूचना दिन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट अध्ययन भईरहेको व्यास १० स्थित बैरेनी जग्गा विकास आयोजनाको प्रकृया अघि बढाउने शहरी विकास मन्त्रालयबाट निर्णय भई २०७८/११/२ को नेपाल सरकारको राजपत्रबाट स्वीकृती प्राप्त भएको जानकारी आएकाले नेपाल सरकारको थप कार्य अघि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै आवश्यक जनशक्ति आयोजना अवधिभरका लागि नियुक्ति गर्न समेत निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास २ स्थित सत्यवती मा.वि.मा प्रधानाध्यापक नियुक्ति प्रकृया अघि बढिरहेकै अवधीमा तत्कालिन प्र.अ. श्री इन्द्र प्रसाद पौडेलले राजिनामा दिई विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार वरिष्ठ शिक्षक श्री एक बहादुर गुरुङ्गलाई निमित्त प्र.अ. २०७८ माघ ६ गते तोकिएको र हालसम्म खाता सञ्चालन नभएकाले उक्त विद्यालयका शिक्षक कर्मचारीको तलव रोकिन गएको भनी गुनासो आएको हुँदा निमित्त प्र.अ. श्री एक बहादुर गुरुङ्ग र लेखापाल श्री विष्णु प्रसाद रिजालको नाउँमा खाता सञ्चालन गर्ने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने र प्रधानाध्यापक नियुक्तिको प्रकृयालाई स्वतन्त्र र स्वच्छ आधारमा फाल्गुण महिनाभित्रमा टुङ्याउन विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नगरसभाबाट विनियोजित सम्बन्धित शिर्षक तथा कार्यक्रमको सिमाभित्र रहने गरी निम्न लिखित अत्यावश्यक कार्यहरुका लागि निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मगर समाज सुधार CTVT तालिम व्यवस्थापन | व्यास १ | ३,६०,९५०।०० | १७८ |
| २. | निर्मल जनसुधार थप नाला निर्माण मर्मत | व्यास १ | २,००,०००।०० | मर्मत |
| ३. | अडमपानी टोल कालोपत्रे थप | व्यास १ | ३,००,०००।०० | ८६४ |
| ४. | जनचेतना टोल पक्की नाला थप निर्माण मर्मत | व्यास १ | ५,००,०००।०० | मर्मत |
| ५. | निर्मलनगर खानेपानी ट्याङ्की संरक्षण | व्यास १ | ३,००,०००।०० | ७९४ |
| ६. | गल्बुवेंसी हुदै छाब्दी जाने पुरानो बाटो मर्मत सुधार | व्यास १ | ५,००,०००।०० | मर्मत |
| ७. | मोहोरिया टोल विकास संस्था थप भवन निर्माण | व्यास १ | २,००,०००।०० | ८६४ |
| ८. | नव आदर्श आमा समूह नेतृत्व विकास तालिम | व्यास १ | ५०,०००।०० | १७८ |
| ९. | कुन्छालीटोल मोहरीयाटार खानेपानी योजना | व्यास १ | २,००,०००।०० | ७९४ |
| १०. | भुवनसिंह थापा शौचालय निर्माण | व्यास १ | २०,०००।०० | ८६४ |

| | | | | |
|---|---|---|---|---|
| ११. | मञ्जु कंडेल समेत खेतमा सिँचाई पाइप खरिद | व्यास १ | ८०,०००।०० | ७८९ |
| १२. | मिलन टोल विकास नाला मर्मत | व्यास १ | २,००,०००।०० | मर्मत |
| १३. | मोहरियाटार माथिल्लो वस्ती जाने बाटो मर्मत | व्यास १ | ५०,०००।०० | मर्मत |
| १४. | भादगाउं टोल नाला निर्माण | व्यास १ | २,००,०००।०० | ८६४ |
| १५. | हिक्मतजंग बस्नेत सिंचाई पाईप खरिद | व्यास १ | ३०,०००।०० | ७८९ |
| १६. | नवआदर्श आमा समुह एवं टोल भवन निर्माण | व्यास १ | ५,००,०००।०० | ८६४ |
| १७. | रुम्टी खानेपानी ट्याङ्की मर्मत | व्यास १ | ४०,०००।०० | ७९४ |
| १८. | बालमन्दिर मा.वि. ट्रस निर्माण | व्यास २ | ५,००,०००।०० | ७७२ |
| १९. | सत्यवती मा.वि.लालिगुरांस बालक्लब रक्तदान सहयोग | व्यास २ | १५,०००।०० | १५४ |
| २०. | व्यास नगर मेयर कप व्याडमिन्टन प्रतियोगिता | व्यास २ | १,५०,०००।०० | १६५ |
| २१. | श्री टोल स्थित चोकमा स्ट्याण्ड सहितको बत्ती राख्ने कार्य | व्यास २ | ३,००,०००।०० | ७९० |
| २२. | तनहुँ ख्रिष्टियन समाज रक्तदान | व्यास ३ | ३०,०००।०० | चालू विविध |
| २३. | करांते प्रतियोगिता व्यवस्थापन | व्यास ३ | ३,००,०००।०० | १५८ |
| २४. | हैरान्स क्लव खेलकूद सामाग्री खरिद | व्यास ३ | २५,०००।०० | १६३ |
| २५. | महिला उद्यमी कोशेली उत्पादन व्यवस्थापन | व्यास ३ | ३,००,०००।०० | १९६ |
| २६. | व्यास नगर आमा समुह कार्यक्रम बिल भुक्तानी | व्यास ३ | ३५,०००।०० | चालू विविध |
| २७. | ज्वालेश्वर मन्दिर रङ्ग रोगन | व्यास ३ | ३०,०००।०० | २०७ |
| २८. | जेष्ठ नागरिक मिलन केन्द्र खाजा अनुदान | व्यास ३ | १,००,०००।०० | १६८ |
| २९. | भु.पु. सैनिक क्लव भवन छाना मर्मत | व्यास ३ | २,००,०००।०० | मर्मत |
| ३०. | बधस्थल कुवा मर्मत | व्यास ३ | ५८,५३६।०० | ७९४ |
| ३१. | नगर प्रहरी विञ्जु अधिकारी, घर निर्माण | व्यास ३ | १,००,०००।०० | ८६४ |
| ३२. | मानवसेवा कृयापुत्री भवन विद्युत महशुल भुक्तानी | व्यास ३ | ४०,१५०।०० | २०७ |
| ३३. | सिमलटार भित्री पक्की बाटो नाला निर्माण | व्यास ४ | ५,००,०००।०० | ८६४ |
| ३४. | जनजुक्त मा.वि. क्याण्टिन निर्माण | व्यास ५ | ३,००,०००।०० | ७७२ |
| ३५. | सुर्य प्रसाद वास्तोला, घर संरक्षण | व्यास ४ | ५०,०००।०० | विपद् |
| ३६. | मानुङकोट सिंढी बाटो मर्मत निर्माण | व्यास ५ | २,७५,०००।०० | मर्मत |
| ३७. | जागृती आमा समूह पतेनीटार, गणेशमूर्ती ट्रस निर्माण समेत | व्यास ५ | ५०,०००।०० | २०७ |
| ३८. | भार्लाङखोल्सी नाला निर्माण | व्यास ५ | ४,००,०००।०० | ८६४ |
| ३९. | दुभुङ्ग चण्डीदेवी गुठी समूह मन्दिर निर्माण | व्यास ५ | २,५०,०००।०० | ८६४ |
| ४०. | लाङ्गघाली मगर समाज अधुरो भवन निर्माण | व्यास ५ | २,००,०००।०० | ८६४ |
| ४१. | ठूलोटार सिमलगैह्रा खानेपानी योजना | व्यास ५ | १,००,०००।०० | ७९४ |
| ४२. | दिपकराज काफ्ले, पैह्रोबाट घर संरक्षण | व्यास ६ | ४०,०००।०० | विपद |
| ४३. | चिसापानी टारी कुलो मर्मत | व्यास ६ | १,००,०००।०० | ७८९ |
| ४४. | इन्दु मा.वि. शिक्षक व्यवस्थापन सहयोग | व्यास ६ | ३५,०००।०० | १५२ |
| ४५. | शंकर प्रा.वि. ECD शिक्षक व्यवस्थापन | व्यास ६ | ९०,०००।०० | १५२ |
| ४६. | शेषटार ठूलो कुलो निर्माण मर्मत समेत | व्यास ६ | २,००,०००।०० | ७८९ |
| ४७. | शेषटार इस्मालिक मन्दिर निर्माण | व्यास ६ | ३,००,०००।०० | २०७ |
| ४८. | इन्दु मा.वि. खानेपानी व्यवस्थापन | व्यास ६ | ८०,०००।०० | ७९४ |
| ४९. | अम्रेनी आमा समूह, भवन कोठा थप | व्यास ६ | २,००,०००।०० | ८६४ |

| | | | | |
|---|---|---|---|---|
| ५०. | सिन्धू मार्ग देखी इन्दु मा.वि सम्म स्तरीकरण | व्यास ६ | २,००,०००।०० | ८९३ |
| ५१. | भतेरी बाँध कुलो मर्मत वडाबाट विनियोजित समेत | व्यास ६ | ४,५०,०००।०० | ४२५,७८९ |
| ५२. | गडुले बाह्रविसे सिँचाई आयोजना कुलो मर्मत | व्यास ६ | ३,६०,०००।०० | ७८९ |
| ५३. | इन्दु मा.वि. कम्पाउण्ड वाल निर्माण | व्यास ६ | ३,००,०००।०० | ७७२ |
| ५४. | बाँसपानी सिन्धु मोटर मार्ग | व्यास ६ | २,००,०००।०० | ८९३ |
| ५५. | माथिल्लो समाली खानेपानी योजना | व्यास ७ | १,००,०००।०० | ७९४ |
| ५६. | पानी ट्यांकी नयां डिही मोटर मार्ग स्तरीकरण | व्यास ७ | १,२५,०००।०० | ८६४ |
| ५७. | जनकल्याण सामुदायिक वन भवन संरक्षण | व्यास ७ | ७५,०००।०० | विपद |
| ५८. | वेशींगैऱ्हा खेलकुद मैदान निर्माण | व्यास ७ | १,५०,०००।०० | ७७७ |
| ५९. | सिमलटार नरंगा विफ्े खानेपानी योजना संरक्षण | व्यास ७ | १,५०,०००।०० | ७९४ |
| ६०. | भद्रकाली मोटर मार्ग मर्मत | व्यास ७ | १,००,०००।०० | मर्मत |
| ६१. | कुसुमदेवी मन्दिर प्रतिक्षालय निर्माण | व्यास ८ | १,००,०००।०० | ८६४ |
| ६२. | रिस्ती कृषी फार्म माछा पोखरी मर्मत | व्यास ८ | १,३५,०००।०० | मर्मत |
| ६३. | बगाले डिही खानेपानी योजना निर्माण समेत | व्यास ८ | १,८०,०००।०० | ७९४ |
| ६४. | पुत्लेबगर खेत कुलो निर्माण मर्मत | व्यास ९ | १,००,०००।०० | ७८९ |
| ६५. | आइतीमाया दर्जी, घर मर्मत | व्यास ९ | २०,०००।०० | विपद |
| ६६. | सिता तिवारीको घर मर्मत पहिरो पिडित | व्यास ९ | ३५,०००।०० | विपद |
| ६७. | बसाहा मा.वि. शिक्षक व्यवस्थापन सहयोग | व्यास ९ | १,००,०००।०० | १५२ |
| ६८. | सरसफाई व्यवस्थापन | व्यास ९ | १,००,०००।०० | ३२ |
| ६९. | लक्ष्मी आधारभुत विद्यालय, रङ्ग रोगन कार्यालय फर्निचर समेत | व्यास ९ | २,५०,०००।०० | ७७२ |
| ७०. | फोहरमैला व्यवस्थापन केन्द्र प्रारम्भिक वातावरणीय परीक्षण | व्यास १० | ३,००,०००।०० | २१४ |
| ७१. | एकिकृत जग्गा विकास परियोजना प्रारम्भिक वातावरणीय परीक्षण | व्यास १० | ३,००,०००।०० | २१४ |
| ७२. | नारेश्वर तालको प्रारम्भिक वातावरणीय परीक्षण | व्यास १० | ३,००,०००।०० | २१४ |
| ७३. | दुम्दुमेश्वर महादेव १०८ शिवलिङ्ग,गेट निर्माण | व्यास १० | २,००,०००।०० | ८६४ |
| ७४. | चण्डीदेवी रा.मा.वि. प्रवेद्धार निर्माण | व्यास १० | २,००,०००।०० | ७७२ |
| ७५. | सिन्दुरे कृषक समुह ईनार निर्माण | व्यास १० | १,५०,०००।०० | ७८९ |
| ७६. | दुम्सीचौर लिफ्टिङ खानेपानी बिस्तार पाईप खरिद | व्यास १० | ४५,०००।०० | ७९४ |
| ७७. | पोलिकन्स क्रिकेट कप प्रतियोगिता व्यवस्थापन | व्यास १० | ५०,०००।०० | १६५ |
| ७८. | खानेपानी व्यवस्थापन दुम्सीचौर खानेपानी | व्यास १० | ५८,४७७।०० | ७९४ |
| ७९. | सेवर दुग्ध उत्पादक सहकारी संघ, गोठ सुधार | व्यास १० | १,५०,०००।०० | ८६४ |
| ८०. | देउराली भञ्ज्याङ्ग चौतारा सुधार | व्यास १० | १,००,०००।०० | ८५८ |
| ८१. | शिव मा.वि. अगाडी बाटो भित्री नाली निर्माण | व्यास १० | ३,००,०००।०० | मर्मत |
| ८२. | शिव मा.वि., पूर्वी क्षेत्र टेवा पर्खाल निर्माण | व्यास १० | ३,००,०००।०० | ७७२ |
| ८३. | रातमाटा गणेश मन्दिर संरक्षण | व्यास ११ | १,००,०००।०० | मर्मत |
| ८४. | दान बहादुर भण्डारी घरगोठ संरक्षण | व्यास ११ | ४०,०००।०० | विपद |
| ८५. | तनहुसुर देउराली डांडा चौतारो शौचालय निर्माण | व्यास ११ | ५,००,०००।०० | ८५८ |
| ८६. | कोकलडांडा पाखुरीचोक शुक तामाङको घर हुँदै पोखरी मोटर मार्ग स्तरीकरण | व्यास ११ | ३,००,०००।०० | ८६४ |
| ८७. | रामती खोला घर गोठ संरक्षण | व्यास ११ | १,००,०००।०० | विपद |

| | | | | |
|---|---|---|---|---|
| ८८. | आहाले सिम्ले बांधकुलो मर्मत निर्माण | व्यास ११ | १,००,०००।०० | ७८९ |
| ८९. | कैलाशेश्वर मोटर मार्ग स्तरउन्नती | व्यास ११ | १,००,०००।०० | ८६४ |
| ९०. | चण्डी मन्दिर निर्माण मर्मत | व्यास १२ | ३०,०००।०० | मर्मत |
| ९१. | घाँसीकुवा युवा क्लव, खेल मैदान निर्माण | व्यास १२ | २,००,०००।०० | ७७७ |
| ९२. | ज्यामिरे बांध मर्म मर्मत कमलबारी | व्यास १२ | १,००,०००।०० | ७८९ |
| ९३. | पुलेदी खानेपानी कमलबारी(क्रमागत छुट) | व्यास १२ | १,५०,०००।०० | ७९४ |
| ९४. | बाघखोर खानेपानी मोर्टर खरीद | व्यास १२ | १,५०,०००।०० | ७९४ |
| ९५. | गोलटारी खानेपानी बिस्तार छिर्कन | व्यास १२ | १,५०,०००।०० | ७९४ |
| ९६. | बुद्धि बहादुर वि.क., शौचालय निर्माण | व्यास १३ | २०,०००।०० | ८६४ |
| ९७. | गुंदी बाहुन पंधेरा मर्मत | व्यास १३ | १,००,०००।०० | ७९४ |
| ९८. | रुद्राक्ष आमा समुह भवन ट्रस व्यवस्थापन | व्यास १३ | १,३०,०००।०० | ८६४ |
| ९९. | सिद्धबेनी आधारभूत विद्यालय खानेपानी मर्मत | व्यास १३ | १५,०००।०० | ७९४ |
| १००. | कटान खानेपानी पाईप बिस्तार | व्यास १३ | ७०,०००।०० | ७९४ |
| १०१. | लिंडेखोल्सी ढुङ्गेमुहान ट्याङ्की मर्मत | व्यास १३ | ३०,०००।०० | ७९४ |
| १०२. | बुद्धसिं मार्ग पुलामी खेत कृषि मार्ग निर्माण | व्यास १३ | १,००,०००।०० | ८६४ |
| १०३. | सुमलटारी बांध निर्माण योजना | व्यास१४ | १,५०,०००।०० | ७८९ |
| १०४. | रासिभञ्ज्याङ मित्री पैदल मार्ग स्तरीकरण मर्मत | व्यास१४ | ३,००,०००।०० | मर्मत |
| १०५. | छाब्दी राम मन्दिर ठांटी निर्माण थप | व्यास१४ | ८०,०००।०० | मर्मत |
| १०६. | केशवटार स्वास्थ्य केन्द्र टिन फेर्ने | व्यास१४ | १,१३,७९१।०० | ७८१ |
| १०७. | लिलेदी बेलभञ्ज्याङ खानेपानी बिस्तार | व्यास१४ | ४५,०००।०० | ७९४ |
| १०८. | न.पा मुल कार्यालयको लिफ्ट मर्मत | व्यास ३ | १,०७,३५०।०० | मर्मत |
| १०९. | अतिशा कुंवर छात्रवृत्ति | व्यास १२ | २५,०००।०० | १५७ |
| ११०. | सविन लामिछाने पत्रकार छात्रवृत्ति | व्यास ६ | ५०,०००।०० | १५७ |
| १११. | ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालय भवन निर्माण | व्यास ३ | ५,००,०००।०० | ८६४ |
| ११२. | नेपाल मगर संघ मगर दिवस कार्यक्रम व्यवस्थापन | व्यास ३ | ५०,०००।०० | १७३ |
| ११३. | शैक्षिक वृतचित्र निर्माण (एरियल मिडिया प्रा.लि.) | | २,००,०००।०० | २१४ |
| ११४. | चमेरे गुफा,सिद्ध गुफा लगायतका गुफाहरुको गुरुयोजना निर्माण | | ३,००,०००।०० | २१४ |
| ११५. | रञ्जना रश्मी रानाभाट अध्ययन सहयोग | | ४०,०००।०० | १५७ |
| ११६. | श्री गुम्बादेवी दरै पधेरासम्म बाटो मर्मत | व्यास ११ | ७०,०००।०० | मर्मत |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को तेस्रो लहर (0micron) मा खटिई कार्य गरेवापत व्यास नगर PCR ल्यावमा कार्यरत ५ जना कर्मचारी र व्यास न.पा. स्वास्थ्य तथा जनसंख्या शाखामा कार्यरत ४ जना गरी जम्मा ९ जना कर्मचारीलाई २०७८ पौष र माघ महिनामा खाईपाई आएको तलवको ५०% जोखिम भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत विभिन्न शिपमूलक तालिम प्राप्त उद्यमीहरुले उत्पादन गरेको मध्ये अति गरिव परिवारका १० जना भन्दा बढी उद्यमीहरुलाई उनीहरुले अबलम्वन गरेको व्यवसायसँग सम्बन्धित उत्पादन, प्रशोधन, बजारीकरण र सोसँग सम्बन्धित अन्य सेवाहरु प्रदान गर्न सक्ने गरी वडा नं. ६, ७, ८ र ९ का उद्यमीहरुलाई पायक पर्ने व्यास नगरपालिका वडा नं.७ को कलेस्तीमा नेपाल सरकार नगद

अनुदान लघु उद्यम विकास कार्यक्रम अन्तर्गत बजेट खर्च शिर्षक नं. २२६.१ अति गरिब परिवारका लागि कम्तिमा १० जनाको लागि साझा सुविधा केन्द्रको स्थापना क्रियाकलापमा विनियोजित रकम रू.५,००,०००/- (अक्षेरुपी पाँच लाख) विनियोजित रकमको परिधिमा रही साझा सुविधा केन्द्र निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि, २०७७ को बुँदा नं. ४ को (२) ले गरेको व्यवस्था बमोजिम कार्यालयको संगठनात्मक ढाँचा र त्यसको उपलब्धताको आधारमा देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक – उपप्रमुख श्री मिरा जोशी, व्यास नगरपालिका
(२) सदस्य – प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल
(३) सदस्य – वडा अध्यक्ष श्री काशीराम श्रेष्ठ, आर्थिक विकास समिति संयोजक
(४) सदस्य – वरिष्ठ ईन्जिनियर डा. राजु पौडेल, शहरी पूर्वाधार तथा प्राविधिक शाखा
(५) सदस्य – वरिष्ठ अधिकृत श्री मेघनाथ आचार्य, उद्योग तथा पर्यटन सँस्कृति प्रवर्द्धन शाखा
(६) सदस्य-सचिव – कविराज निरीक्षक श्री सरोज मिश्र, उद्योग तथा पर्यटन सँस्कृति प्रवर्द्धन शाखा

**निर्णय नं. १४ :** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा धार्मिक एवं पर्यटकीय महत्व बोकेको यस व्यास नगरपालिका अन्तर्गत शुक्ला र माहेन्द्र नदीको सँगमस्थलमा अवस्थित व्यास पराशर क्षेत्रको धार्मिक एवं पर्यटकीय महत्वको आवश्यक प्रचार-प्रसार एवं प्रवर्द्धन गर्ने उद्देश्यका साथ उद्योग पर्यटन तथा सँस्कृति प्रवर्द्धन शाखाद्वारा नियमित सन्ध्याकालिन आरती गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गर्दा सम्बन्धित पक्षहरुसँग सहकार्य हुने गरी सो सम्बन्धी लागत सहितको विस्तृत प्रस्ताव तयार गरी अर्को बैठकमा पेश गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ को परिच्छेद १ (४) ले गरेको व्यवस्था बमोजिम यस अघि गठित समितिमा पुनरावलोकन हुने गरी सदस्य सचिवमा उद्योग, पर्यटन तथा सँस्कृति शाखामा कार्यरत कविराज निरीक्षक श्री सरोज मिश्रलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.न. | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक ( मु.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | ठेक्का नं २२/Vyasmun/२०७८।०७९ | श्री न्यु उकालि ओराली सप्लायर्स तिलकपुर ६ नवलपरासी | तारजाली खरिद | रु.१०,८९,०१८।०० |
| २ | ठेक्का नं २२/Vyasmun/२०७८।०७९ | श्री लुम्बिनी पिएसि इण्डस्ट्रीज प्रा.लि रुपन्देही | ह्युम पाईप खरिद योजना | रु.५,७६,८००।०० |

**निर्णय नं. १७ :** प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित योजनाहरुको निकासा मागको लागि आवश्यक कागजपत्रहरु सहित सम्बन्धी निकायमा पठाउने निर्णय गरियो ।

तपसिल

(क) १०८ फिट अग्लो व्यास ऋषिको मुर्ति निर्माण कार्य अर्न्तगत पेडेस्टल निर्माण (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय)

(ख) कमेरेपानी सांधखोला खानेपानी योजना व्यास १३ (संघ विशेष, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग)

(ग) देविडांडा लिफ्ट खानेपानी योजना व्यास १० (संघ विशेष, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग)

(घ) खड्गकाली मोटर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास ११ (संघ समपुरक, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग)

**निर्णय नं. १८ :** प्रस्ताव नं. १८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका योजना अनूगमन तथा सुपरिवेक्षण समिति योजना अनूगमनको लागि शहरी वडाहरु वडा नं.१, २, ३, ४, ५ बाहेकका ग्रामिण वडाहरुमा जांदा योजना अनुगमनको स्थलगत प्रतिवेदनको आधारमा समितिका पदाधिकारीलाई मिति २०७८ श्रावण महिना देखि नै खाना, खाजा खर्च वापत प्रतिदिन रु.१,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ :** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं ७ स्थित कलेस्ती मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजनाको आर्थिक वर्ष २०७६/०७७ मा सम्झौता श्री मिर नेपाल कन्स्ट्रक्सन पोखरा कास्की बीच (मू.अ.कर समेत) रु.९८,७४,४६९/३२ मा सम्झौता भएकोमा मिति २०७६/८/२२ को कार्यपालिका बैठकबाट ठेक्का प्रकाशित गर्दा छुट हून गएको फर्माको रकम रु.१०,५०,१४०/- भेरिएसन स्वीकृतको भएको अवस्थामा भेरिएसन स्वीकृत रकम समेत कूल ठेक्का सम्झौता भन्दा कम मूल्यांकन गरी भूक्तानी गरिएको भएतापनी फर्माको आईटममा यस अगाडि स्वीकृत भेरिएसन रकम भन्दा बढी मूल्यांकन र भुक्तानी भएको रकम रु.७,८१,०९४/- को भेरिएसन लाई अनूमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :** प्रस्ताव नं. २० का सम्बन्धमा छलफल हुँदा तनहुँ दुग्ध उत्पादक सहकारी संघ लि. द्वारा सञ्चालित दाना उद्योगको क्षमता बृद्धि गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयार पारी पेश हुन आएको हुँदा उक्त IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :** प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको प्राप्त पत्र अनुसार यस नगरपालिकामा सेवा प्रदायक संस्था वा व्यक्ति छनौट गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी शिविर सञ्चालन गर्ने सम्बन्धमा सेवा करारमा व्यक्ति छनौट गरी शिविर सञ्चालन गर्ने निर्णय गरियो । साथै सेवा करारमा व्यक्ति छनौट गर्दा पञ्जिकरण विभागले तोकेको मापदण्ड बमोजिम विवरण संकलन गर्न प्रमाणपत्र तह उत्तीर्ण गरेका जनशक्ति छनौट गर्ने कार्यका लागि आवश्यक प्रकृया अगाडी बढाउन देहायमा उल्लेखित पदाधिकारीहरु रहने गरी पदपूर्ति समिति गठन गर्ने समेत निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल – अध्यक्ष
२. उपसचिव श्री नगेन्द्र प्रसाद रेग्मी – सदस्य
३. वरिष्ठ अधिकृत श्री गोकर्णराज वाग्ले – सदस्य
४. ना.सु. (पञ्जिकाधिकारी) श्री विष्णुकुमार जोशी – सदस्य
५. वरिष्ठ प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खले – सदस्य-सचिव

**निर्णय नं. २२ :** प्रस्ताव नं. २२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका प्रवक्ता वडा नं. ५ का वडा अध्यक्ष श्री मोहन कुमार श्रेष्ठले प्रवक्ता पदबाट दिनु भएको राजिनामा आज बैठकमा पेश हुँदा बाँकी

२/३ महिनाको अवधिको लागि राजिनामा फिर्ता लिई यथावत कार्य गर्नु गराउनु हुन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :** प्रस्ताव नं. २३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत खानेपानीको श्रोत, धारा, खानेपानीको विद्यमान अवस्थाका सम्बन्धमा सङ्घीय बजेट समेतमा कार्य गर्न सम्झौता गरिएका ईन्जिनियर श्री सुवास गौतमलाई जग्गा विकास आयोजना समेतमा कार्य गर्ने गरी २०७९ आषाढ मसान्तसम्म करार नियुक्तिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २४ :** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ११ बस्ने प्रो. श्री सन्तोषबाट सञ्चालन हुदै आएको पराशर मल्टी एग्रो प्रा.लि. फर्म कृषि सम्बन्धी व्यवसाय सञ्चालन गरी थप विस्तार प्रवर्द्धनका लागि व्यास १ बस्ने श्री देव कुमारी हड्खले र व्यास १२ बस्ने अम्बिका देवी पाण्डेको नाउँको साविक फराकचौर नक्सा नं. ६/ग कित्ता नं. ८७ क्षेत्रफल ६-१५-०-३ र कि.नं. ८६ क्षेत्रफल १६-४-१-० रहेको जग्गा उल्लेखित प्रा.लि. ले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:** प्रस्ताव नं. २५ का सम्बन्धमा छलफल हुंदा युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार काठमाण्डौंको मिति २०७८/१०/२४ गतेको सूचना अनुसार व्यास नगरपालिका वडा नं. ५ चिन्तुटार रङ्गशाला तथा खेल मैदान निर्माणका लागि स्विकृत बजेटको स्थानीय तहले व्यहोर्न पर्ने साठी प्रतिशत रकम व्यास नगरपालिकाद्धारा व्यहोर्ने निर्णय गरियो ।

**निर्णय २६:** प्रस्ताव नं. २६ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं ५ को सिफारिसको आधारमा देहाय बमोजिमका वडागत योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

तपशिल

| सि. नं | योजनाको नाम | परिवर्तन गरी कायम भएको योजनाको नाम | बजेट | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | सिन्धुमार्ग देखि उत्तर बोटेनी कुवा हुंदै माहेन्द्री मार्ग जोड्ने बाटो खोल्ने | बोटेनी कुवा मर्मत तथा संरक्षण | रु.२,००,०००।०० | ३६६ |
| २ | पानम्दी बाराही हुँदै फासुर्दी अलैंचे जोड्ने कच्चि मार्गमा करिब ५० मिटर बाटो ढलान र नाला सहित स्तरोन्नती | पानम्दी बाराही खानेपानी योजना अर्न्तगत एक घर एक धारा पाईप विस्तार थप | रु.२,००,०००।०० | ३७३ |

**निर्णय २७:** प्रस्ताव नं. २७ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. ५ पाटन स्थित पराशर मा.वि. को भवन व्यास ५ चापाघाटबाट रिसिङ गाउंपालिका वडा नं. १ तनहुं हाईड्रो पावर लिमिटेडको निर्माण क्षेत्रसम्म जाने बाटोले विद्यालय संचालन गर्न समस्या देखिएकाले उक्त विद्यालय साविक गुणादी महेन्द्रपुर गा.पं. वडा नं. १/ग कि.नं. १ को ऐलानी / प्रति जग्गा पूर्व रन्जित गिरी समेतको भोगचलनको जग्गा, पश्चिम पाटन पराशर क्षेत्र जाने बाटो, उत्तर बोटेहरुको घर कटेरा, दक्षिण सानुमायां श्रेष्ठको घर यति चार किल्ला भित्रको अं ४-०-०-० चार रोपनी जग्गामा विद्यालय स्थानान्तरण गर्नका लागि प्रस्तावित दुईतल्ले ८ कोठे भवनको नक्शा स्विकृत गरी तनहुं हाईड्रो पावर लिमिटेडलाई विद्यालय निर्माण प्रकृया अघि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।